**प्रेस विज्ञप्ति**
**जबरजस्ती व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अन्तर्राष्ट्रिय दिवस**
**१४ भाद्र २०७४, काठमाडौं**

**"सत्य र न्याय बिनाको शान्ति एवं जवाफदेहिता बिनाको मेलमिलाप मान्य छैन"**

१० वर्षे सशस्त्र द्वन्दका क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको छानवीन गर्न शान्ति सम्झौताको ९ वर्षपछि गठित बेपत्ता पारिएका व्यक्तिहरुको छानवीन आयोगमा ३ हजार ९३ उजुरी परेका छन् । हरेक बर्ष झैं गरी यस बर्ष पनि जबरजस्ती व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा पीडित परिवारहरु विभिन्न जिल्लामा भेला भई बेपत्ता पारिएका आफन्तहरुको सम्झना गरिरहेका छन्, आफन्तजनको सत्यतथ्य एवं स्थिति सार्वजनिक गर्न  माग गरिरहेका छन् । वेपत्ता छानबिन आयोगले आफ्नो २ बर्षे कार्यकाल सकाउँदासम्म उजुरी संकलन गर्ने बाहेक अन्य केहि काम गर्न नसकेपछि सरकारले १ बर्षको म्याद थपेको पनि ७ महिना वितिसकेको अवस्था सम्म आईपुग्दा पीडित उतरजीविहरुले वारम्वार उठाएको सत्य, परिपूरण र न्यायका सवालहरु ज्यूँ का त्यूँ छन् ।

बेपत्ता छानवीन आयोगले ३ सदस्यीय अनुसन्धान टोली गठन गरेर काठमाडौं र वरिपरि बस्ने बेपत्ता पारिएका व्यक्तिका परिवारजनलाइ बोलाएर सोधपुछ गरेको, एन्टीमोर्टम् र परिपूरण फाराम भराउन लागेको सुनिएको छ । तर पीडितले खोजेको जवाफ पाउने कुनै आधार भेटिएको छैन । उता सत्य निरुपण आयोगमा ६०,००० भन्दा बढि उजुरीहरु परेका छन् । ती उजुरीहरुको अनुसन्धान गरी सत्यतथ्य उजागर गरी पीडितको पीडामा मलम लगाउन सक्नेमा पीडित समुदाय नै विश्वस्त छैनन् । आयोगहरुले पीडितहरुलाइ बोलाएर लिइरहेको बयान पनि सत्य पत्ता लगाउने उद्देश्यले भन्दा पनि काम गरी राखेका छौं भन्ने देखाउने उद्देश्यले प्रेरित भएको देखिने पीडितहरुले बताएका छन् । अनुसन्धान टोलीमा विज्ञ एवं मनोसामाजिक परामर्शदाता समेतको व्यवस्था गरिएको छैन ।

कार्यकाल सकिन ५ महिना मात्र बांकी रहंदा आयोगले बेपत्ता पारिएका एकजना व्यक्तिको बारेमा समेत सत्यतथ्य पत्ता लगाउन एवं सार्वजनिक गर्न सकेको छैन । बेपत्ता पारिएका व्यक्तिको बारेमा विस्तृत अनुसन्धान, पीडकको पहिचान, शव उत्खनन्, डिएनए परीक्षण, पीडितलाई आवश्यक परिपूरणको व्यवस्था लगायतका जटिल प्रक्रिया सम्पादन गर्ने लक्षणहरु देखिएका छैनन् । जर्बजस्ती वेपत्ता, गैह्रन्यायीक हत्या, यातना, यौनजन्य हिंसा र बलात्कृत, विस्थापित, अङ्गभङ्ग एवं अपाङ्ग पारिएका पीडितहरुको सत्य र न्याय पाउने झिनो आशा क्षिण हुदै गएको छ । व्यक्ति बेपत्ता पार्ने जस्तो गम्भीर अपराधलाई जबरजस्ती मेलमिलाप र क्षमादानको दायराभित्र ल्याइनु हुन्न भन्ने पीडितको माग र सो सम्बन्धमा सर्वोच्च अदालतले ऐन संशोधन गर्न दिएको आदेशको पनि पालना भएको छैन । बेपत्ता जस्तो गम्भीर अपराधलाइ अपराधिकरण गर्ने कानुन समेत बन्न सकेको छैन भने द्वन्दकालिन मुद्धाहरुलाई तार्किक निष्कर्ष पु्याउने राजनितीक इच्छाशक्ति पनि देखिएको छैन् ।
त्यसैले, यस जबरजस्ती व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा हामी सरोकारवालाहरु संघसंस्थाहरु जबरजस्ती बेपत्ता पारिएका व्यक्तिहरुको परिवारका तर्फवाट वेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक गर्ने लगायत तपशीलका मागहरु तत्काल पूरा गर्न सरकार समक्ष जोडदार माग गर्दछौं ।

- सर्वोच्च अदालतको आदेश बमोजिम संक्रमणकालिक न्याय सम्बन्धि ऐन संशोधन गर,
- जबरजस्ती व्यक्ति वेपत्ता पार्ने कार्यलाई ऐन बनाएर अपराधिकरण गर,
- जबरजस्ती व्यक्ति वेपत्ता व्यक्तिहरुको संरक्षण सम्बन्धि महासन्धि अनुमोदन गर,
- वेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोगले हालसम्म गरेका कामकारबाहीहरु सार्वजनिक गर,
- आयोगका छानवीन प्रक्रियालाइ प्रभावकारी बनाउन विज्ञ र मनोसामाजिक परामर्श दाताहरु समावेश गर,
- पीडितहरुको अर्थपूर्ण सहभागिता लगायत राष्ट्रिय मानवअधिकार आयोग, लगायत अन्य सरोकारवाला संघसंस्थाहरुसंग तुरुन्त समन्वय गर,
- न्यायीक प्रक्रियाको पुनरावृति नहुने प्रत्याभूत गर्नुका साथै पीडित परिवारहरुलाई उचित परिपुरणको व्यवस्था गर्दै गर्नुका साथै  दिगो शान्तिका लागि उचित वातावरण तयार गर,

## ऐक्यवद्धताका लागि:

Conflict Victims' Common Platform (CVCP)

द्वन्दपीडित साझा चौतारी नेपाल